*स्वीकृत मिति: २०७३।८।२३*

**पत्रकारितासंग सम्बन्धित संघ संस्थाहरुलाई अनुदान तथा आर्थिक सहयोग वितरण सम्बन्धी कार्यविधि, २०७३**

प्रचलित कानून बमोजिम दर्ता भई पत्रकार तथा पत्रकारिताको क्षेत्रसंग सम्बद्ध संस्थाहरुको विकासमा सहयोग पुर्यायउन नेपाल सरकारले समय-समयमा उपलब्ध गराउने अनुदान तथा आर्थिक सहायता रकम वा सूचना तथा सञ्चार मन्त्रालयको अनुदान शीर्षकमा वार्षिक रुपले विनियोजन हुने एकमुष्ट रकमको बाँडफाँड र खर्च प्रक्रिया सुव्यवस्थित, पारदर्शी, नियमित र अनुगमन गर्ने उद्देश्यले सूचना तथा सञ्चार मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "पत्रकारितासंग सम्बन्धित संघ संस्थाहरुलाई अनुदान तथा आर्थिक सहयोग वितरण सम्बन्धी कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयले निर्णय गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः-

(क) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई नियमित रुपमा नवीकरण भएका पत्रकारितासँग सम्बद्ध संस्था सम्झनु पर्दछ ।

(ग) "पत्रकार" भन्नाले सूचना विभागबाट प्रेस पास प्राप्त गरेका सञ्चार माध्यममा कार्यरत वा स्वतन्त्ररुपमा पत्रकारिता क्षेत्रमा कार्यरत पत्रकार सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले"पत्रकारितासंग सम्बन्धित संघ संस्थाहरुलाई अनुदान तथा आर्थिक सहयोग वितरण सम्बन्धी कार्यविधि, २०७३" लाई सम्झनु पर्दछ ।

**३. अनुदान तथा आर्थिक सहयोग सम्बन्धी व्यवस्था**

सरकारले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी वा समय समयमा पत्रकारिता सम्बद्ध संस्थाहरुलाई सहयोग गर्न अनुदान वा आर्थिक सहयोगको रुपमा उपलब्ध गराउन संस्था तोकी वा एकमुष्ठ रुपमा बजेट रकम उपलब्ध गराउन सक्ने छ। यसरी विनियोजन भई आउने अनुदान वा आर्थिक सहायताको रकमको बाँडफाँड, स्वीकृती र वितरण यस कार्यविधि अनुसार गरिने छ।

**४. अनुदान वा सहायता रकमबाट सञ्चालन गर्न सकिने कार्यक्रमहरु**

यस कार्यविधि बमोजिम अनुदान तथा आर्थिक सहायता प्राप्त गर्न चाहने संस्थाहरुले देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछन्ः-

(क) सूचना तथा सञ्चार एवं पत्रकारिता सम्बन्धमा नेपालको संविधान, आमसञ्चार नीति र कानूनहरुको कार्यान्वयनमा सहयोग पुग्ने कार्यक्रमहरु।

(ख) पत्रकारिता, आमसञ्चार क्षेत्रको भुमिका, पहल र सुधारका क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रकाशन गर्ने सम्बन्धी कार्यक्रमहरु।

(ग) सञ्चारकर्मी/ पत्रकारहरुको क्षमता विकास सम्बन्धी तालिम, गोष्ठी, सेमिनार, अभीमुखिकरण, कार्यशालाहरुको आयोजना, स्थलगत अध्ययन, छात्रवृत्ति, पुरस्कार सम्बन्धी।

(घ) आमसञ्चार सम्बन्धी संस्था/ आफ्नो संस्थाको पूर्वाधार विकास, उपकरण सहित संस्थागत क्षमता वृद्धीका कार्यक्रम।

(ङ) समसामयिक जनचेतनामूलक, समावेशिता, सहभागिता सम्बन्धी महिला/ दलित/ जनजाती, मधेशी/मुस्लिम लगायतका वर्ग र क्षेत्रको सशक्तीकरण सम्बन्धी गोष्ठी, कार्यशाला सम्बन्धी कार्यक्रमहरु।

(च) पत्रकारिता सम्बन्धी प्रतिष्ठित व्यक्तित्व/संस्था/ अध्ययन अनुसन्धान सम्बन्धमा रचनात्मक अक्षयकोषको स्थापना र सञ्चालन सम्बन्धी कार्यक्रम।

(छ) सम्बन्धित संस्थाले गर्ने पत्रकारिता र आमसञ्चार सम्बद्ध रचनात्मक र विशेष कार्यहरु सम्बन्धी कार्यक्रम।

(ज) पत्रकारिता र आमसञ्चार क्षेत्रमा प्रत्यक्ष सहयोग पुग्ने अन्य कार्यक्रमहरु।

**५. प्रस्ताव पेश गर्न सक्ने संस्थाहरू**

अनुदान वा आर्थिक सहयोगका लागि निम्न बमोजिमका संस्थाले मन्त्रालयमा प्रस्ताव पेश गर्न सक्नेछन्ः

(क) पत्रकारिता सम्बन्धी प्रतिनिधिमूलक संस्थाहरु,

(ख) प्रचलित कानून बमोजिम दर्ता भई कम्तीमा एक वर्ष देखि स्थापित पत्रकारिता र पत्रकारसँग सम्बन्धित गैरब्यापारिक र गैरनाफामूलक संस्थाहरू,

(ग) राष्ट्रिय, क्षेत्रीय र स्थानीयस्तरका पत्रकारिता सम्बद्ध संस्थाहरु ।

**६. प्रस्तावसाथ संलग्न राख्नुपर्ने कागजातहरू**

(१) संस्था दर्ता प्रमाणपत्र –(नवीकरण समेत),

(२) विधानको प्रतिलिपि,

(३) कर चुक्ता प्रमाणपत्र,

(४) अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन,

(५) अघिल्लो आ.व.मा त्यस्तो सहयोग पाएको भए कार्य प्रगति विवरण ,

(६) प्रतिवेदन, प्रकाशन आदि भए सो ।

**७. रकम बाँडफाँट गर्ने आधारहरू**

अनुदान शिर्षकमा विनियोजित रकम मन्त्रालयले देहाय बमोजिम बाँडफाँड गर्नेछः-

(क) बजेटको उपलब्धता, सम्बन्धित संस्थाले पेश गरेको विस्तृत विवरण सहितको कार्यक्रम प्रस्ताव र प्रस्तावित कार्यक्रमको औचित्य एवं सान्दर्भिकता समेतको अध्ययन गरी सम्बन्धित संघ संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने गरी बाँडफाँड गर्न सक्नेछ ।

(ख) अनुदान वा आर्थिक सहयोग रकम बिनियोजन गर्दा नेपालको लोकतान्त्रिक आन्दोलन, प्रेस स्वतन्त्रता, आम सञ्चार क्षेत्रको संरक्षण विकास र प्रवर्ध्लन, योगदान, दुर्गम क्षेत्रमा सञ्चालित, लैङ्गिक समानता, समावेशिता, महिला सशक्तीकरण, सिमान्तिकृत वर्ग र क्षेत्रको उत्थानमा क्रियाशिल पत्रकारितासँग सम्बन्धित संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।

(ग) माथि दफा ४ मा उल्लेख भएका कार्यक्रमहरु मध्येका कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गर्ने संस्थालाई प्राथमिकता दिइनेछ।

(घ) अनुदान वा सहयोग रकम कुनै संस्था नै तोकी विनियोजन भएको हकमा दफा ४ मा उल्लेखित मध्येका कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव गरिएको हुनुपर्नेछ।

(ङ) प्राप्त प्रस्तावहरुको अध्ययन, जाँचबुझ गरी मन्त्रालयले अनुदान वा सहायता रकमको बाँडफाँड गर्नेछ।

**८. प्रस्तावमा उल्लेख हुनुपर्ने विवरणहरू**

अनुदान सहयोग माग गर्ने संस्थाले कार्यक्रम प्रस्तावसाथ निम्न लिखित विवरण उल्लेख गर्नु पर्नेछः-

(१) संस्थाको स्थापना, उद्देश्य र परिचय,

(२) हालसम्म गरिएका प्रमुख कार्यहरु र योगदान,

(३) यस अघि मन्त्रालयबाट कुनै अनुदान सहयोग प्राप्त गरेको भए सो सम्बन्धी विवरण -आ.व.र रकम),

(४) संस्थाको बैंक खाता नं. र बैंकको ठेगाना

(५) प्रस्तावित कार्यक्रमको रुपरेखा:- माथि दफा ४ बमोजिमका कार्यक्रमहरु मध्येबाट कार्यक्रमहरुको उद्देश्य, कार्यक्रम गरिने स्थान, समय, कार्यक्रम अन्तरगत गरिने क्रियाकलापहरु , कार्यक्रमको कूल लागत , व्यहोर्ने श्रोतहरु , सूचना तथा सञ्चार मन्त्रालयबाट अपेक्षा गरिएको प्रस्तावित सहयोग रकम , कार्यक्रमबाट पुग्ने प्रत्यक्ष, अप्रत्यक्ष लाभ तथा उपलब्धि, कार्यक्रमको लक्षित समूह र अन्य सान्दर्भिक विषयहरु) ,

(६) सञ्चालन गरिने कार्यक्रम र बजेटको चौमासिक बाँडफाँड विवरण।

**९. अनुदान तथा सहायताको बाँडफाँड, स्वीकृति र सम्झौता गर्ने**

(१) मन्त्रालयले प्राप्त प्रस्तावहरु मध्ये दफा ७ समेतका आधारमा संस्थाको छनौट गरी कार्यक्रम र बजेट स्वीकृत गर्नेछ।

(२) छनौट भएका संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्न मन्त्रालयमा सम्पर्क गर्न १५ दिनको म्याद दिई जानकारी गराउने छ।

(३) छनौट भएको संस्थाले मन्त्रालयबाट जानकारी प्राप्त भएको १५ दिन भित्र अध्यक्ष वा आधिकारीक प्रतिनिधिले मन्त्रालयमा अनुदान वा सहयोग सम्झौता गर्नुपर्नेछ।

(४) संस्था नै तोकी अनुदान वा सहयोग विनियोजन भएको भए संस्थाका अध्यक्ष वा आधिकारिक प्रतिनिधिले मन्त्रालयले तोकेको अवधीभित्र सम्झौता गर्नुपर्नेछ।

(५) तोकिएको अवधिभित्र सम्झौता गर्न नआएका संस्थाहरुलाई मन्त्रालयले रकम भुक्तानी गर्न बाध्य हुने छैन ।

(७) संस्थाहरुले प्राप्त गर्ने रकम एक वा एक भन्दा बढी किस्तामा प्राप्त गर्ने गरी सम्झौता गर्न सकिने छ।

(८) मन्त्रालय र अनुदान वा आर्थिक सहयोग प्राप्त गर्ने संस्थाबीच रकम भुक्तानीको सम्झौता गर्दा देहायमा उल्लेखित शर्तहरु उल्लेख गर्नु पर्नेछः-

(क) मन्त्रालय र अनुदान वा सहयोग प्राप्त गर्ने संस्थाबीच अनुसूची मा तोकिए बमोजिम सम्झौता हुनेछ।

(ख) अनुदान रकम चालु आ.व. भित्रै खर्च/ कार्यक्रम सञ्चालन गर्नुपर्ने, कार्यान्वयनको प्रगति विवरण समय समयमा मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(ग) कार्यक्रम सञ्चालन र रकम खर्च गरेको उपलब्धी सहितको कार्य प्रगति प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(घ) रकम प्राप्त गर्ने संस्थाहरुले प्रचलित कानून बमोजिम आय व्ययको लेखा राख्नुपर्ने र प्रचलित कानून बमोजिम स्वीकृत लेखापरिक्षकबाट लेखापरिक्षण गराई सो को लेखापरिक्षण प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(ङ) सम्झौता गरिए बमोजिमको कार्यक्रममा अनुदान रकम खर्च नगरिए वा अनुदान रकम दुरुपयोग भएको अवस्थामा त्यसको जिम्मेवारी अनुदान लिने संस्था र संस्थाका पदाधिकारीको हुनेछ।

(च) अनुदान रकम संस्थाको प्रशासनिक र उपभोग खर्च, कर्मचारीको तलब भत्तामा उपयोग गर्न पाइने छैन।

(छ) अनुदानको उपयोग र खर्च गर्दा प्रचलित आर्थिक ऐन नियमको पालना गर्नुपर्नेछ।

(ज) श्रमजीवी पत्रकार सम्बन्धी ऐन नियमहरुको पालना गरेको हुनुपर्ने।

(झ) अनुदान रकम उपलब्ध गराइएका संस्थाहरुले अनुदानसंग सम्बन्धित कार्यक्रमहरुको स्थलगत अनुगमन सूचना तथा सञ्चार मन्त्रालयले गर्ने गराउने छ।

**१०. अनुगमन र अभिलेख राख्ने:**

मन्त्रालयले कार्यक्रम सञ्चालनको नियमित अनुगमन गर्नेछ। अनुदान प्राप्त गर्ने संस्थाले त्यस्तो रकम निर्धारित कार्यक्रममा खर्च नगरेको पाइएमा वा मन्त्रालयमा पेश गर्नुपर्ने विवरण पेश नगरेमा, रकमको उपयोग नभएको वा दुरुपयोग भएको पाइएमा वा प्राप्त उजुरी छानविनबाट त्यस्तो प्रमाणित हुन आएमा त्यस्तो संस्थालाई त्यस्तो अनुदान रकम फिर्ता गर्न आदेश दिन सक्नेछ। मन्त्रालयले त्यस्ता संस्थाहरुको नाम कालो सूचीमा राखि त्यस्ता संस्थाहरुलाई पछिल्लो ३ वर्षका लागि कुनै पनि सरकारी आर्थिक सहयोग वा अनुदान सहायता रोक्का गर्न सक्नेछ।

**११. प्रशासनिक खर्च:** यस प्रयोजनका लागि विनियोजित बजेटको ५ प्रतिशत सम्मको रकम यसै कार्यविधि बमोजिमको कार्यक्रम गर्न प्रशासनिक कार्य तथा अनुगमन तथा मूल्याङ्कन कार्यमा खर्च गर्न सकिने छ।

**१२. रकम निकासा र कार्यप्रगति विवरण**

(१) स्वीकृत रकम सम्झौता भएपछि दुई किस्तामा रकम उपलब्ध गराउने छ। प्रथम किस्ता निकासा गर्दा दफा ६ बमोजिमका कागजातका आधारमा उपलब्ध गराइने छ र दोश्रो किस्ता उपलब्ध गराउँदा प्रथम किस्ताबाट भएको कामको प्रगतिको आधारमा निकासा उपलब्ध गराइने छ।

(२) रु. १ लाख भन्दा कम अनुदान निकासा गर्दा एकमुष्ठ रकम उपलब्ध गराइने छ।

(३) कार्यक्रमहरु चालु आ.व. भित्रै सम्पन्न गरी सो को प्रतिवेदन मन्त्रालयमा बुझाउनु पर्नेछ।

**१३. खारेजी र बचाउ**

पत्रकार अनुदान सहयोग सम्बन्धी निर्देशिका , २०६३ खारेज गरिएको छ, सो निर्देशिका बमोजिम भए गरेका कामहरु यसै बमोजिम भएको मानिनेछ।